"उदयपुरगढी गाउँपालिकाका विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्बन्धि कार्यविधि, २०८०"

"उदयपुरगढी गाउँपालिकाका विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२"

प्रथम संशोधन मितिः-२०८२।०४।११

**प्रस्तावना** :-

उदयपुरगढी गाउँपालिका अन्तर्गत विद्यालयमा रिक्त हुने सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरूको नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा उदयपुरगढी गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७८ (संशोधन समेत २०७९) को दफा ५२ बमोजिम उदयपुरगढी गाउँ कार्यपालिकाको मिति २०८०।१०।२८ गतेको वैठकले यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम "उदयपुरगढी गाउँपालिकाका विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

२. यो कार्यविधि उदयपुरगढी गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरे पश्चात तुरून्त लागु हुनेछ ।

## परिच्छेद - २

## परिभाषा

३. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१) **"गाउँपालिका"** भन्नाले उदयपुरगढी गाउँपालिकालाई सम्झनु पर्छ ।

२) **"कार्यालय"** भन्नाले उदयपुरगढी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

३) **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

४) “**विद्यालय**” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमती वा स्वीकृति प्राप्त सामुदायिक विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रलाई समेत सम्झनु पर्छ ।

५) “**शिक्षक** सेवा आयोग” भन्नाले सङ्घीय कानुन अनुसार गठित शिक्षा सेवा आयोग सम्झनु पर्छ ।

६) “**शिक्षा समिति**” भन्नाले उदयपुरगढी गाउँपालिकाको शिक्षा समितिलाई सम्झनु पर्छ ।

७) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले उदयपुरगढी गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्छ ।

८) “**शिक्षा अधिकृत**” भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुखको रूपमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

## परिच्छेद - ३

## विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारी पदपूर्ति सम्बन्धी व्यवस्था

४. विद्यालयले विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरूको पद रिक्त भई पदपूर्ति गर्नको[1] लागि रिक्त भएको विवरण खुल्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा, युवा तथा खेलकुद शाखामा विज्ञापनको अनुमतिका लागि कार्यालय मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

५. विद्यालयले विज्ञापनको अनुमति प्राप्त गरेपछि रिक्त पदमा पदपूर्ति गर्नका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना तयार गरि विद्यालय रहेको सम्बन्धित वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटिमा टाँस गरी सो को मुचुल्का समेत गराउनु पर्नेछ ।साथै त्यस्तो सूचना उदयपुरगढी गाउँकार्यपालिकाको वेवसाईटमा राख्ने वा दैनिक प्रकाशित हुने कुनै एक दैनिक पत्रिकामा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. विद्यालयले विज्ञापन गर्दा विज्ञापन नम्बर, उमेद्वारको उमेर हद, न्यूनतम शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाण पत्र, आवश्यक कागजात, दरखास्त दस्तुर, सेवा सुविधा, दरखास्त दिने मिति, शिक्षा ऐन नियमावली बमोजिम कुनै अयोग्य नरहेको, सम्पर्क ठेगाना लगायत उम्मेदवारको आवश्यक पर्ने विवरण माग गरी विज्ञापन गर्नुपर्नेछ ।

७. विद्यालयले निर्धारण गरेको समयभित्र उम्मेदवारबाट प्राप्त हुन आएको निवेदन, विज्ञापनमा उल्लेख भए बमोजिमका कागजात प्राप्त भए नभएको एकिन गरि रीतपूर्वक प्राप्त भएका निवेदन मात्र विद्यालयमा दर्ता गरि राख्नु पर्नेछ ।

## परिच्छेद - ४

## विघलय सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारी छनौट समिति

८. विद्यालयमा रिक्त भएका विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारीहरूको पदपूर्ति गर्न सिफारिस लागि देहायका शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

१) सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य :
अध्यक्ष

२) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी :
सदस्य

३) वालविकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारी छनौटका लागि शिक्षा विकास तथा समन्वय इकाइ वा गाउँपालिकाको कार्यालयमा विषय विज्ञको रूपमा सूचिकृत भएका विषय विशेषज्ञ मध्येवाट शिक्षा युवा तथा खेलकुद शाखाको शाखा प्रमुखले छनौट गरेको २ जना :
सदस्य

४) विद्यालय सहायक कर्मचारी छनौटका लागि शिक्षा विकास तथा समन्वय इकाइ वा गाउँपालिकाको कार्यालयमा गणित, लेखा, अर्थशास्त्र र विज्ञान विषयको लागि विषय विशेषज्ञको रूपमा सूचिकृत भएका विशेषज्ञ मध्येबाट छनौट गरेको २ जना : सदस्य

५) सम्बन्धित विद्यालयको प्रधानाध्यापक: सदस्य सचिव

## परिच्छेद ५

## परीक्षाको पाठ्यक्रम

९. विद्यालयमा रिक्त हुने विद्यालय सहयोगी कर्मचारीको लागि लिईने परीक्षाको पाठ्यक्रम अनुसूचि (१) वमोजिम हुनेछ ।विद्यालय सहयोगी कर्मचारीको पदपूर्ति सम्बन्धित विद्यालयले गर्नेछ ।

१०. विद्यालयमा रिक्त हुने बालविकास सहजकर्ताहरूको लागि लिईने परीक्षाको पाठ्यक्रम अनुसूचि (२) बमोजिम हुनेछ ।

११. विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारीको पाठ्यक्रम अनुसूचि (३) वमोजिम हुनेछ ।

## परिच्छेद ६
## शैक्षिक योग्यता

१२. विद्यालय कर्मचारी सहयोगी कर्मचारीहरूका लागि न्यूनतम कक्षा ८ पास गरेको र वालविकास सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता एस. एल. सी. वा एस. इ. इ. उत्तीर्ण वा सो सरह हुनेछ ।

१३. विद्यालय सहायक कर्मचारीहरूको लागि न्यूनतम शैक्षिक योग्यता शिक्षा व्यवस्थापन मानविकी तथा विज्ञान संकाय अन्तर्गतका जुनसुकै विषयमा १२ कक्षा उत्तीर्ण वा सो सरह हुनेछ ।

## परिच्छेद ७
## आचार संहिता प्रश्नपत्र निर्माण प्रक्रिया

१४. परीक्षार्थीहरूले परीक्षा अवधिभर मोवाइल फोन स्विच अफ गरी राख्नु पर्नेछ । मोवाइल फोन साथमा राख्न पाउने छैनन् ।

१५. विषय विज्ञले तोकिए अनुसारको पाठ्यक्रमको अधिनमा रहेर परीक्षा सञ्चालन हुने दिन प्रश्नपत्र निर्माण गर्नुपर्नेछ ।

१६. तोकिएको पाठ्यक्रमको आधारमा वस्तुगत र विषयगत परीक्षाको उत्तरपुस्तिका छुट्टा छुट्टै हुनेछ ।

१७. विषयगत परीक्षाको उत्तर पुस्तिकाको अनिवार्य रूपमा कोडिङ गरी सकेपछी परिक्षणको लागि उत्तरपुस्तिका प्रदान गर्नुपर्नेछ ।

१८. परीक्षा सञ्चालनको क्रममा विषय विशेषज्ञले परीक्षाहल भित्र प्रवेश गर्न पाईने छैन ।

## परिच्छेद ८
## विविध

१९. यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग वाँझिएमा वाँझिएको हद सम्म अमान्य हुनेछ ।

२०. यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।साथै यस कार्यविधिमा उल्लेख भएको व्यवस्था यसै वमोजिम छ र उल्लेख नभएको व्यवस्था प्रचलित कानुन वमोजिम हुनेछ ।

२१. यस कार्यविधिका प्रावधानहरूमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूचि १

परिच्छेद ५ दफा ९ सँग सम्वन्धित

विद्यालयमा रिक्त हुने विद्यालय सहयोगि कर्मचारीको नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम:

उदयपुरगढी गाउँपालिका

अन्तर्वार्ता परीक्षा योजना

पूर्णाङ्क : ५०

उत्तीर्णाङ्क :२० समय: २० मि.

| खण्ड | विषय क्षेत्र | पूर्णाङ्क ५० | अन्तर्वार्ता परीक्षा प्रणाली | कैफियत |
|---|---|---|---|---|
| क | विषय वस्तुको ज्ञान | २० | १. विद्यालय सरसफाई ४<br>२. विद्यालय समय ४<br>३. दिवा खाजा ४<br>४. विद्यालय र प्राथमिक उपचार सम्बन्धी समान्य जानकारी ८ | विद्यालय सहयोगी कर्माचरी पद पूर्तिका लागि सम्बन्धित विद्यालयले नै परीक्षा सञ्चालन गरी |
| ख | वासिन्दा | १५ | १. सम्बन्धित पालिको भए १५,<br>२. सम्बन्धित जिल्लाको भए १० र<br>३. सम्बन्धित प्रदेशको भए ५अङ्क प्रदान गर्ने | |
| ग | शैक्षिक योग्यता | १० | न्यूनतम शैक्षिक योग्यता प्रथम द्वितीय र तृतीय भएमा क्रमश: ९, ७ र ५अंक दिने । माथिल्लो तहको भएमा थप १ अंक प्रदान गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| घ | व्यक्तिगत प्रस्तुती र आचरण | ५ | व्यक्तित्व र आचरण २ ,अनुशासन १ र प्रस्तुतीकरण २ अंक प्रदान प्रदान गर्ने । | पदपूर्ती गर्नु पर्ने छ । |

अनुसूचि २

परिच्छेद ५ दफा १० सँग सम्वन्धित

विद्यालयमा रिक्त हुने वाल विकास सहजकर्ताको नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम:

उदयपुरगढी गाउँपालिका

लिखित परीक्षाको योजना

| खण्ड | विषय क्षेत्र | पूर्णाङ्क | प्रश्न संख्या | प्रतिप्रश्न अंकभार | परीक्षा प्रणाली | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क | सामान्य परीक्षा | ३० | ३० | १ | (वहुवैकल्पिक प्रश्नहरू) | ३० मिनेट | |
| ख | विषयगत परीक्षा | ४० | ८ | ५ | विषयगत प्रश्न | १:३० घण्टा | |

अन्तरवार्ता योजना

| क्र.सं. | विषयक्षेत्र | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | न्यूनतम शैक्षिक योग्यता प्रथम, द्वितीय र तृतीय भएमा क्रमश: ४,३ र २ अंक दिने । माथिल्लो तहको भएमा थप १ अंक प्रदान गर्ने । |
| २ | अन्तरवार्ता | १० | व्यक्तित्व र आचरण ३ ,विषयवस्तुको ज्ञान ५ र प्रस्तुतीकरण २ अंक प्रदान प्रदान गर्ने । |

पाठ्यक्रमको वृस्तितीकरण

खण्ड - क सामान्य परीक्षा

पूर्णाङ्क : ३०

उत्तीर्णाङ्क :१५ समय: ३० मि.

| क्र.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | नेपालको भुगोल (स्थानीय तहको भौगोलिक विविधता, गाउँपालिकाको संरचना, प्राकृतिक तथा साँस्कृतिक विविधता) | ३ | १ |
| २ | शिक्षाको अर्थ, परिभाषा, उद्देश्य र कार्यहरू | ३ | १ |
| ३ | नेपालको आधुनिक शैक्षिक ईतिहास | ३ | १ |
| ४ | शिक्षा मनोविज्ञानको अवधारणा आवश्यकता र महत्व | ३ | १ |
| ५ | मानव वृद्दि र विकास ,विकासात्मक कार्य | ३ | १ |
| ६ | पूर्वावाल्या वस्थाका परिचय, विकासात्मक कार्य, विशेषताहरू | ३ | |
| ७ | पाठ्यक्रमको परिचय अवधारणा स्थानीय पाठ्यक्रम | ३ | १ |
| ८ | शैक्षणिक संगठन : कक्षा शिक्षण, वहुभाषिक शिक्षण, विषय शिक्षण र मिश्रीत शिक्षण | ३ | १ |
| ९ | शैक्षणीक योजना अर्थ आवश्यकता, वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठ योजना । | ३ | १ |
| १० | नेपालको संविधानमा शिक्षा सम्वन्धी व्यवस्था, शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐनले गरेको शिक्षा सम्वन्धी व्यवस्था | ३ | १ |

## खण्ड ख विषयगत परीक्षाको पाठ्यक्रम

पूर्णाङ्क : ४०

उत्तीर्णाङ्क : १६ समय : १ घण्टा ३० मि.

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १ | वालविकास शिक्षाको पाठ्यक्रम र शिक्षण विधि तथा तरिकाहरू | १ | ५ |
| २ | प्राथमिक उपचार: परिचय ,महत्व, पारिवारिक तथा सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेलमैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनावाट वच्ने अधिकारहरू । | १ | ५ |

| | | | |
|---|---|---|---|
| ३ | विद्यालय समुदाय सम्वन्ध: विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय समुदाय वीच सम्वन्ध । | १ | ५ |
| ४ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाई: व्यक्तियत सरसफाई, वातावरणीय सरसफाई र फोहोर व्यवस्थापन । | १ | ५ |
| ५ | स्थानीय पाठ्यक्रम परिचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रमका सम्वन्धमा भएको व्यवस्था, स्थानीय स्तरका शिक्षण सामग्रीहरू । | १ | ५ |
| ६ | बाल मनोविज्ञान: अर्थ महत्व र आवश्यकता, परिचय विकासात्मक कार्य, विशेषताहरू, शारिरीक र संवेगात्मक परिवर्तन तथा प्रभाव रूचिहरू, संकटहरू, पूर्व वाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा भूमिका । | २ | ५ |
| ७ | विद्यालय दिवा खाजा कार्यक्रम, दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन तरिका, दैनिक दिवा खाजाका लागि स्थानीय स्तरमा निर्माण गर्न सकिने परिकारहरू । | १ | ५ |

**द्रष्टव्य:**

१ सामान्य परीक्षा वहुवैकल्पिक परीक्षाका लागि ३० मि. समय निर्धारण गरिएको छ ।

२ विषयगत परीक्षाको लागि १ घण्टा ३० मि. समय निर्धारण गरिएको छ ।

३ यो पाठ्यक्रम यो कार्यविधि स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

अनुसूचि ३

परिच्छेद ५ दफा ११ सँग सम्वन्धित

विद्यालयमा रिक्त हुने विद्यालय सहायक कर्मचारीको नियुक्तिको लागि लिईने परीक्षाको पाठ्यक्रम:

उदयपुरगढी गाउँपालिका

लिखित परीक्षाको योजना

| खण्ड | विषय क्षेत्र | पूर्णाङ्क | प्रश्न संख्या | प्रतिप्रश्न अंकभार | परीक्षा प्रणाली | समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क | सामान्य परीक्षा | ३० | ३० | १ | (वहुवैकल्पिक प्रश्नहरू) | ३० मिनेट | |
| ख | विषयगत परीक्षा | ४० | ८ | ५ | विषयगत प्रश्न | १:३० घण्टा | |

अन्तरवार्ता योजना

| क.सं. | विषयक्षेत्र | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ५ | न्यूनतम शैक्षिक योग्यता प्रथम द्वितीय र तृतीय भएमा क्रमश: ४, ३ र २ अंक दिने । माथिल्लो तहको भएमा थप १ अंक प्रदान गर्ने । |
| २ | अन्तरवार्ता | १० | व्यक्तित्व र आचरण ३ ,विषयवस्तुको ज्ञान ५ र प्रस्तुतीकरण २ अंक प्रदान प्रदान गर्ने । |

पाठ्यक्रमको वृस्तितीकरण

खण्ड - क सामान्य परीक्षा

पूर्णाङ्क : ३०

उत्तीर्णाङ्क :१५ समय: ३० मि.

| क.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | नेपालको भुगोल (नेपालको भूगोल, भौगोलिक विविधता, प्राकृतिक तथा साँस्कृतिक विविधता) | ३ | १ |
| २ | शिक्षाको अर्थ, परिभाषा ,उद्देश्य र कार्यहरू | ३ | १ |
| ३ | नेपालको आधुनिक शैक्षिक ईतिहास | ३ | १ |
| ४ | शिक्षा मनोविज्ञानको अवधारणा आवश्यकता र महत्व | ३ | १ |
| ५ | मानव वृद्दि र विकास , विकासात्मक कार्य र विशेषताहरू | ३ | १ |
| ६ | पूर्वावाल्यावस्था तथा उत्तरवाल्यावस्थाको परिचय, विकासात्मक कार्य, विशेषताहरू | ३ | |
| ७ | पाठ्यक्रमको परिचय अवधारणा र स्थानीय पाठ्यक्रम | ३ | १ |
| ८ | शैक्षणिक संगठन : कक्षा शिक्षण, वहुभाषिक शिक्षण, विषय शिक्षण र मिश्रीत शिक्षण | ३ | १ |
| ९ | शैक्षणीक योजना अर्थ आवश्यकता, वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठ योजना । | ३ | १ |
| १० | नेपालको संविधानमा शिक्षा सम्वन्धी व्यवस्था, शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐनले गरेको शिक्षा सम्वन्धी व्यवस्था | ३ | १ |

खण्ड ख विषयगत परीक्षाको पाठ्यक्रम

पूर्णाङ्क : ४०

उत्तीर्णाङ्क : १६ समय : १ घण्टा

३० मि.

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १ | प्राथमिक उपचार: परिचय ,महत्व, पारिवारिक तथा सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेलमैदानमा हुने दुर्घटना,प्राथमिक उपचार तथा दूर्घटनावाट वच्ने अधिकारहरू । | १ | ५ |
| २ | विद्यालय समुदाय सम्वन्ध :विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान,विद्यालय समुदाय वीच सम्वन्ध । | १ | ५ |
| ३ | कार्यालय व्यवस्थापन र विद्यालय लेखाङ्कन प्रणाली | २ | ५ |
| ४ | स्थानीय पाठ्यक्रम परिचय, महत्व र विद्यालय तहमा स्थानीय पाठ्यक्रमका सम्वन्धमा भएको व्यवस्था,स्थानीय स्तरका शिक्षण सामग्रीहरू । | १ | ५ |
| ५ | बाल मनोविज्ञान: अर्थ महत्व र आवश्यकता, परिचय विकासात्मक कार्य, विशेषताहरू, शारिरीक र संवेगात्मक परिवर्तन तथा प्रभाव रूचिहरू, संकटहरू, पूर्व वाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा भूमिका । | १ | ५ |
| ६ | विद्यालय दिवा खाजा कार्यक्रम, दिवा खाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन तरिका, दैनिक दिवा खाजाका लागि स्थानीय स्तरमा निर्माण गर्न सकिने परिकारहरू । | १ | ५ |
| ७ | सिकाइ अर्थ स्वरूप र शैलिहरू, परिपक्कता र सिकाइ विच सम्वन्ध | १ | ५ |
| ८ | वर्तमान विद्यालय स्तरिय परीक्षा र मूल्याङ्कन प्रणाली | | |

**द्रष्टव्य:**

१ सामान्य परीक्षा वहुवैकल्पिक परीक्षाका लागि ३० मि. समय निर्धारण गरिएको छ ।

२ विषयगत परीक्षाको लागि १ घण्टा ३० मि. समय निर्धारण गरिएको छ ।

३ यो पाठ्यक्रम यो कार्यविधि स्विकृत भएको मितिदेखि लागु हुनेछ ।